# पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

## संस्थाको विधान २०६७

### प्रस्तावना

स्वच्छ खानेपानी तथा स्वस्थ वातावरणको समस्या र आवश्यकतालाई ध्यानमा राखी उपलब्ध सिमित श्रोत साधन तथा नेपाल सरकार र दातृ निकायबाट निर्माण हुने भएका आयोजनाहरुको दिर्घकालिन उपभोग गराई स्थानीय बासिन्दाहरुलाई सर्वसुलभरुपले स्वच्छ खानेपानी सुविधा पुऱ्याउने र सरसफाईको स्तर वृद्धि गराउने, विभेदरहित समाजको निर्माण र जीवनस्तर उठाउन मद्दत पुऱ्याउने उद्देश्यले नारायणी अञ्चल चितवन जिल्ला साविक पिठुवा गाउँ विकास समिति हाल रत्ननगर नगरपालिका वडा नं १४, १५ र १६ भित्र बसोबास गरेका स्थानीय समाजसेवी, बुद्धिजिवि, नागरिक समाज र अग्रज व्यक्तित्वहरुको आपसी सरसल्लाह र सहमतिमा पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गरी आयोजनालाई स्थायीत्व दिनको लागि यो विधान तयार गरी जारी गरिएको छ ।

जिल्ला जलश्रोत समिति २०५० भरतपुर, चितवन

### परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ : यो विधानको नाम पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका विधान २०६७ रहनेछ ।

(क) ठेगाना : नारायणी अञ्चल, चितवन जिल्ला र.न.पा वडा नं. १५ मा रहनेछ ।

ख) यो विधान जलस्रोत ऐन २०४९ तथा नियमावली २०५५ अनुसार जलस्रोत समितिमा दर्ता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा: विषय प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउनेछ ।

क) "विधान" भन्नाले पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान २०६७ लाई जनाउनेछ ।

ख) "वडा भेला" भन्नाले हरेक वडाको उपभोक्ता सदस्यहरुको भेलालाई जनाउँदछ ।

ग) "समिति" भन्नाले यस विधान वमोजिम गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको मुल समितिलाई भन्ने सम्झनुपर्दछ ।

घ) "आयोजना सेवा क्षेत्र" भन्नाले र.न.पा. वडा नं. १४, १५ र १६ लाई सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको समितिको अध्यक्ष भन्ने जनाउँदछ ।

च) "उपाध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको समितिको उपाध्याक्ष भन्ने जनाउँदछ ।

छ) "सचिव" भन्नाले यो विधान बमोजिमा गठन भएको समितिको सचिव भन्ने जनाउँदछ ।

ज) "सह-सचिव" भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सह-सचिवलाई जनाउँदछ ।

ज) "कोषाध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको समितिको कोषाध्यक्ष भन्ने जनाउँदछ ।

झ) "सदस्य" भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सदस्य भन्ने जनाउँदछ ।

ञ) "कोष" भन्नाले उपभोक्ताहरुबाट संकलन गरेको रकम र आयोजनाको सञ्चालनको लागि सरकारी तथा गैरसरकारी संघ, संस्था, दातृ निकाय लगायत श्रोतहरुबाट प्राप्त रकमलाई जनाउँदछ ।

ट) "उपभोक्ता सदस्य" भन्नाले संस्थाको नियम अनुसार दर्ताशुल्क तिरी सदस्य बनेको उपभोक्ताहरुलाई जनाउँदछ ।

ठ) "आयोजनाको पानीको श्रोत" सतह शक्तिखोर कालिका मन्दिर अगाडि कायर खोला र सतह मुनिको भन्ने जनाउँदछ ।

ड) "महसुल" भन्नाले संस्थाले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा दिए बापत उपभोक्ताहरुबाट लिने शुल्कलाई जनाउँदछ।

ढ) "सेवा शुल्क" भन्नाले विभिन्न शिर्षकमा (धारा जडान, निवेदन दस्तुर, सदस्यता शुल्क, मिटर बिक्री, विलम्ब शुल्क) लाई जनाउँदछ।

ण) "संरचना" भन्नाले संस्थाको पानी टंकी, पाइपलाईन, कार्यालय भवन, वोरीङ्ग, कार्यालय पर्खाललाई समेत सम्झनु पर्दछ।

त) "आ.व." भन्नाले नेपाल सरकारको प्रचलित आर्थिक वर्षलाई सम्झनु पर्दछ।

थ) "कर्मचारी" भन्नाले संस्थाले संचालन गरेको आयोजनाको दैनिक कार्य संचालन गर्न नियुक्त गरेको कर्मचारीलाई सम्झनु पर्दछ।

द) "साधारण सभा" भन्नाले संस्थाको बार्षिक साधारण सभा तथा विशेष साधारण सभालाई जनाउँदछ।

ध) "अधिवेशन" भन्नाले संस्थाको विधान अनुसार निर्वाचन सभालाई जनाउँदछ।

न) "वडा अध्यक्ष" भन्नाले वडाका अध्यक्ष लाई सम्झनु पर्नेछ।

प) "वडा उपाध्यक्ष" भन्नाले वडाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

फ) "वडा सचिव" भन्नाले वडाको सचिव सम्झनु पर्नेछ।

ब) "परिषद् सदस्य" भन्नाले वडा भेलाबाट कुल उपभोक्ता सदस्य संख्याको १५:१ को अनुपातमा छनोट गरिएका प्रतिनिधिलाई जनाउँदछ।

भ) "लेखा संयोजक" भन्नाले संस्थाको विधान अनुसार गठन भएको लेखा समितिको लेखा संयोजक सम्झनु पर्दछ।

म) "लेखा सदस्य" भन्नाले संस्थाको विधान अनुसार गठन भएको लेखा सदस्यलाई सम्झनुपर्दछ।

## परिच्छेद -२

३. संस्थाको उद्देश्य :

क) सम्बन्धित क्षेत्रमा निर्माण हुन लागेको वा सम्पन्न खानेपानी आयोजनाका संरक्षण एवम् सम्बर्द्धन गर्ने।

ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

ग) उपयुक्त एवम् भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, संचालन मर्मत सम्भार एवम् विकास गर्ने ।

घ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा जनचेतना अभिवृद्धि गर्ने गराउने ।

ङ) आयोजना संचालनका लागि अवाश्यक पर्ने सम्पूर्ण कार्य गराउने ।

च) गुणस्तर पानी उपभोक्ताहरुलाई सर्वसुलभ उपलब्ध गराउने ।

छ) आयोजना क्षेत्र भित्र रहेको पुराना खानेपानीको सम्भार र संरक्षण गर्दै खनेपानी तथा सरसफाई आयोजनको स्थाइ रुपमा संचालन र व्यवस्थापन गरी न्यून आयश्रोत भएका समुदायका लागि समेत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

ज) संस्थाको दिर्घकालिन विकास तथा सम्बर्धनको लागि एक अक्षय कोष खडा गरि सो को व्यवस्थापन गर्ने ।

जिल्ला जलश्रोत समिति २०५० भरतपुर, चितवन

४. वडा भेला :

क) आयोजना क्षेत्र भित्रका प्रत्येक वडाका सबै उपभोक्ता सदस्यहरुको भेलालाई जनाउँदछ ।

ख) वडा परिषद्को भेलाबाट परिषद सदस्य छनोट भएका प्रतिनिधि सदस्यहरुको २५ प्रतिशत सदस्यहरुले वडा अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वडा अध्यक्षले १५ दिन भित्र वडा भेला बोलाउनु पर्नेछ ।

ग) वडा भेला हुने मिति, समय, स्थान र वडा समितिले तोके बमोजिम हुनेछ ।

घ) वडा भेलाको अध्यक्षता वडा समितिको अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

ङ) वडा परिषद छनोट गर्दा ३३% महिला अनिवार्य हुनुपर्नेछ ।

च) वडा भेला गर्दा १५ दिन अगावै सबै उपभोक्ताहरुलाई भेलाहुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयाहरु समेत खुलाई जानकारी दिनुपर्नेछ ।

छ) वडा स्तरीय समितिको अध्यक्ष मूल समितिको पदेन सदस्य हुनेछ ।

ञ) वडा भेलामा उपभोक्ता सदस्यहरुको ५१% उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

ज) पहिलो पटक सूचना दिई गराइएको भेलामा गणपूरक संख्या नपुग भएमा दोस्रो पटक ७ दिनको सुचना दिई भेला पुन बस्नुपर्नेछ ।

झ) यसरी गणपूरक संख्या नपुगी दोस्रो पटक सूचना बमोजिम भेला हुँदा कूल उपभोक्ता संख्याका ३३% उपभोक्ताहरुको उपस्थितिलाई गणपूरक संख्या पूरा भएको मानिनेछ । दोस्रो पटक गणपूरक संख्या नपुग भए तेस्रो पटकको हकमा उपस्थित संख्यालाई नै गणपूरक मानिनेछ । तर समिति भन्दा कम भए मान्य हुने छैन ।

ञ) कुनै पनि निर्णय गर्दा सर्वसम्मत तथा उपस्थित संख्याको बहुमतबाट गर्नुपर्नेछ ।

५. वडा समितिको गठन प्रकिया :

क) खानेपानी संस्थाका उपभोक्ता सदस्यहरु वडा भेलामा सहभागी हुनेछन् ।

ख) उपदफा 'क' अनुसार उपभोक्ताहरुको भेलाले १५:१ बराबरको परिषद सदस्य छनौट गरी उक्त परिषदको बैठकबाट देहाय बमोजिमको वडा समिति गठन गर्नेछ । यसरी वडा समिति गठन गर्दा ३३% महिला अनिवार्य हुनुपर्ने ।

ग) वडा समिति ९ जनाको हुनेछ ।

अ) अध्यक्ष

आ) उपाध्यक्ष

इ) सचिव

ई) सदस्यहरु ६ जना

६. वडा समितिको काम, कर्तव्य र अधिकार :

क) संस्थाको प्रस्तावना र उद्देश्यलाई सफल तुल्याउन सहयोग गर्ने ।

ख) साधारण सभा र मूल समितिको निणर्य अनुसार कार्य संचालन गर्ने गराउने ।

ग) विधान तथा नियमावलीमा भएका नितिहरु बारे वडा बासीहरुलाई सुसुचित गराउने ।

घ) वडा भित्र संचालित खानेपानी चुहावटको नियन्त्रण तथा रेखदेख गर्ने ।

ङ) नयाँधारा दर्ताको लागि सिफारिस गर्ने ।

च) उपभोक्ताहरुले कुनै पनि गल्ती कमी कमजोरी गरेमा त्यसको रिपोर्टिङ्ग मूल समितिलाई दिने ।

७. साधारण सभा तथा अधिवेशन :

क) मूल समितिको साधारण सभा कम्तिमा वर्षको १ पटक बस्नेछ ।

ख) साधारण सभामा वडाबाट छानीएका परिषद सदस्यहरु प्रतिनिधि हुनेछन् ।

ग) साधारण सभा कुल परिषद सदस्य संख्याको ५१% उपस्थितीलाई गणपुरक संख्या मानिनेछ ।

घ) पहिलो पटक गर्णपुरक संख्या नपुग भएमा दोश्रो पटक ३३% लाई गर्णपुरक संख्या मानिनेछ ।

८. साधारण सभा तथा अधिवेशनको काम कर्तव्य र अधिकार

क) लेखा परिक्षक नियुक्ति गर्ने ।

ख) लेखा समिति गठन गर्ने ।

ग) विधान संसोधन तथा नियमावली पारीत गर्ने ।

घ) पानी महशुल, विलम्ब शुल्क र सेवा शुल्क निर्धारण गर्ने ।

ङ) व्यवस्थापन तथा प्राविधिक कार्यको लागि अवाश्यक कर्मचारीहरुको स्थायी दरबन्दी स्वीकृति गर्ने, सो को सेवा सर्त तोक्ने साथै स्थायी गर्न र निस्काशन/निलम्बन/दण्ड/पुरस्कृत गर्ने ।

च) कार्य समितिको बार्षिक कार्यको समिक्षा तथा मुल्याङ्कन गर्ने ।

छ) अनुमानित आय-व्यय छलफल गरी पारीत गर्ने ।

ज) कार्यक्रम र कार्यनिति पारीत गर्ने ।

झ) बार्षिक आय व्यय पारीत गर्ने ।

ञ) माइन्यूट प्रमाणित ३ सदस्यीय कमिटि बनाउने ।

ट) निर्वाचन समिति गठन ।

९. मूल समितिको गठन प्रकृया :

क्) वडा भेलाबाट छनोट भइ आएका परिषद सदस्यहरुको संयुक्त भेला तथा साधारण सभाले कम्तीमा ३३ प्रतिशत महिला रहने गरी ११ सदस्यीय मूलसमिति गठन गरिनेछ ।

यसरी गठित समितिका पदाधिकारीहरु निम्न बमोजिम हुनेछन् ।

| | |
|---|---|
| अ) अध्यक्ष | १ |
| आ) उपाध्यक्ष | १ |
| इ) सचिव | १ |
| ई) कोषाध्यक्ष | १ (महिला अनिवार्य) |
| उ) सह-सचिव | १ (महिला अनिवार्य) |

ऊ ) प्रत्येक वडाका वडा अध्यक्ष पदेन सदस्य ३ जना

ए) निर्वाचित कार्य समितिको वैठक बाट ३ जना सदस्य मनोनित गरिनेछ ।

ख) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि तिन वर्षको हुनेछ र कुनै पदाधिकारीको पद रिक्त भएमा पुन: छनौट हुन सक्नेछ ।

ग) कार्य समितिको बैठक प्रत्येक महिनामा १ पटक अनिवार्य बस्नेछ ।

१०. खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुको योग्यता:

क) परिपक्क, सक्रिय र संस्थाको कामको लागि समय दिन सक्ने ।

ख) उपभोक्ताहरुलाई संगठन गर्न सक्षम भएको ।

ग) सम्पूर्ण उपभोक्ताहरुको आदर विश्वास गर्न सक्ने ।

घ) आफ्नो घर-आँगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाउने वा चर्पी बनाउने जोस, जाँगर भएको फोहोर मैलाको उचित तरिकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा अगुवा भै उपभोक्ताहरुको विचमा उदाहरणको रुपमाा प्रस्तुत हुन सक्ने ।

ङ) तालिममा सहभागी हुन सक्ने र खानेपानी आयोजनाको तर्जुमा, निर्माण, कार्य संचालन तथा मर्मत सम्भारको निरीक्षण, मूल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागि व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्न सक्ने ।

च) समितिका सदस्यहरु साधारणतया लेखपढ गर्न सक्ने तथा सार्वजनिक रुपमा कुनै अभियोग नलागेको व्यक्ति हुनु पर्दछ ।

जिल्ला जल श्रोत समिति २०५० भरतपुर, चितवन

११. समितिका पदाधिकारीहरुको अयोग्यता :

क) मानसिक वा शारीरिक रुपले अस्वस्थ भएको ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाए पाएको ।

ग) आयोजना क्षेत्रबाट बसाईसरी बाहिर गएको ।

घ) खानेपानी संस्थालाई तिर्नुपर्ने कुनै पनि बक्यौदा रकम भएमा ।

१२. विशेष भेलाको व्यवस्था :

क) ३३% भन्दा बढी परिषद सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले २५ दिन भित्र विशेष भेला बोलाउनु पर्नेछ ।

ख) आयोजना संचालन का सिलसिलामा समितिका कुनै सदस्यले वा समितिले हिनामिना गरेको आ.ले.प. बाट ठहर भएमा आ.ले.प को लिखित प्रतिवेदन समिति समक्ष पेश भएमा विशेष भेला बोलाउनु पर्नेछ ।

१३. समितिको काम, कर्तव्य र अधिकार :

क) समितिको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने ।

ख) नेपाल सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतका परिचालनको साथै आयोजनालाई अवाश्यक पर्ने स्थानिय साधन श्रोत समेत उपलब्ध गराई सोको परिचालन गर्ने ।

ग) आयोजनाको निर्माण अवस्थादेखिनै व्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

घ) आयोजना सुरु हुँदादेखि नै आवश्यक मात्रामा जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

ङ) आयोजनाको दिगोपन तथा मर्मत सम्भारका लागि साधारण सभाबाट निर्णय भए अनुसार उपभोक्ताहरुबाट सेवा शुल्क वा महसुल तोकी संकलन गर्ने ।

च) आयोजनाको जग्गा तथा पाइप लाइन सम्बन्धी वा अन्य कुनै कुराको विवाद उठेमा सोको समाधान गर्ने ।

छ) आयोजना सुचारु रुपले संचालन गर्न आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने ।

ज) समितिले आफ्नो कार्य नियमित एवम् सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

झ) आयोजना हस्तान्तरण भै सकेपछि निजि धारा माग भएमा सम्बन्धीत लाइनको पानीको प्रेसर, क्षमता तथाा सम्बन्धीत ठाउँको अवाश्यकतालाई ध्यानमा राखी समितिको निर्णय अनुसार निजी धारा वितरण गर्ने ।

ञ) आयोजनाको हानी नोक्सानी गर्ने आफुखुशी पाइप प्वाल पारेर पानी खाने तथा समितिले गरेको नियमको पालना नगर्ने व्यक्तिलाई उचित कार्वाहि गर्ने र दण्ड जरिवाना तोक्ने र स्थानीय निकायलाई जानकारीका साथ प्रशासनिक निकायमा समेत उजुरी गरी असुल उपर गर्न सक्नेछ ।

ट) आयोजनामा प्राकृतिक प्रकोप जस्तै : (भुकम्प, बाढी, पहिरो आदिले क्षति गरेमा मर्मत सम्भार गरी सम्बन्धीत निकायमा जानकारी गराउनु समितिले गर्न नसक्ने भएमा पुन निर्माण गर्नका लागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने ।

ठ) स्वास्थ्य तथा सरसफाईबारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

ड) आय व्यायको हिसाब राम्रोसँग राखी बार्षिक रुपमा लेखापरीक्षण गराउने र सो को अनुमोदनका लागि बार्षिक साधारण सभामा पेश गर्ने ।

ढ) संस्थाको आर्थिक कारोबार बैंक खाता मार्फत संचालन गर्नुपर्ने ।

ण) समितिको कुनै पदाधिकारीको पद रिक्त हुन आएमा विशेष साधारण सभाको प्रकृयाबाट मात्र परिषद सदस्य मध्यबाट रिक्त पदाधिकारी छनोट गर्न सक्नेछ ।

त) नियम अनुसार संस्थालाई प्रत्येक वर्ष नविकरण गराउने ।

थ) शुरुमा वा विधान दर्ता हुन पूर्व आयोजनामा दर्ता भएमा धाराको वक्यौता रकम आयोजना हस्तान्तरण सँगै समितिमा हस्तान्तरण गराइनेछ ।

द) खानेपानीको बक्यौता रकम समितिको निर्णय अनुसार असुल वा मिनाह गरिनेछ । साथै सो को अनुमोदन साधारणसभाबाट गर्नुपर्नेछ ।

ध) यी माथि उल्लेख गरिएको बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार साधारण भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

१४.१ अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) साधारण सभाको अध्यक्षता गर्ने ।

ख) साधारण सभाको भेला हुने मिति, समय र स्थान तोक्ने । आयोजना निर्माण मर्मत अवधिमा (साधारणसभाले कार्यको सम्बन्धीत निकायबाट भएको भुक्तानी विवरण निर्माण सामग्री संलग्न कामदारहरुको पूरा तथा आंशिक ज्याला भुक्तानी तथा जन श्रमका छुट्टाछुट्टै विवरण र प्राप्त भएको रकम कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

ग) समितिको बैठकमा मत बराबर भएमा निर्णयक मद दिने ।

घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

ङ) समय समयमा सम्बन्धीत निकायमा आयोजनाको अवस्थाको बारेमा जानकारी गराउने ।

१४.२ उपाध्यक्ष : उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले सम्हालेको सम्पूर्ण कार्य गर्ने ।

ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको लागि अवश्यक कार्य गर्ने ।

१४.३ सचिव : सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको निर्णय बमोजिम साधारण सभाको भेला बोलाउने ।

ख) अध्यक्षको आदेश बमोजिम साधारण सभा भेला बोलाउने ।

ग) समितिको बैठक तथा संस्थाको अभिलेख राख्ने ।

घ) साधारण सभामा बार्षिक प्रतिवेदन पेश गर्ने ।

ङ) विधान, नीति र निर्णय अनुरुप समितिको तर्फबाट लेखापढी गर्ने ।

च) उपभोक्ताहरुको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

छ) कार्यालय प्रशासन तथा कर्मचारीको रेखदेख गर्ने ।

१४.४ कोषाध्यक्ष : कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

ख) समितिका नाउँमा जम्मा हुन आएको चल अचल नगद जिन्सी आदि सम्पतिको जिम्मा लिई त्यसको हिसाब किताब तथा श्रेस्ता राख्ने ।

ग) समितिको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।

घ) प्रत्येक महिनाको आम्दानी र खर्चको फाँटवारी तयार गरी दुरुस्त राख्ने ।

ङ) बार्षिक साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।

च) अध्यक्षसँगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली संचालन गर्ने ।

छ) खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पूरा गर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

ज) अन्य आवश्यक तोकिएको काम गर्ने ।

१४.५ सह सचिव: सह-सचिवको काम कर्तव्य र अधिकार

क) सचिवको अनुपस्थितिमा सचिवको कार्य गर्ने अवाश्यक तोकिएको काम गर्ने ।

१४.६. सदस्य : सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठकमा सक्रिय रुपमा भाग लिने ।

ख) आयोजनाको स्थायीत्वको लागि काम गर्ने ।

ग) आफ्नो समूहका उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धीत जानकारी लिने र दिने भेलालाई जानकारी गराउने ।

घ) आयोजना सम्बन्धीत कुनै समस्या आईपरेमा समाधान गर्न प्रयत्न गर्ने ।

१४.७ सल्लाहकार समिति व्यवस्था :

क्षेत्र भित्रका उपभोक्ताहरु भए/नभएका विभिन्न कारणबाट समितिमा पर्न नसकेका आयोजनालाई नितान्त आवश्यक पर्ने खालका सामाजिक व्यक्तिहरु लब्ध प्रतिष्ठित व्यक्ति, नागरिक समाजबाट सल्लाह लिन आवश्यक पर्ने व्यक्तिहरुमध्येबाट एक संयोजक सहित बढिमा ७ जनासम्म सल्लाहकार समिति गठन गर्न सकिनेछ । यसरी बनेको समितिले सल्लाहमात्र दिन सक्नेछ । निर्णयार्थ अधिकार भने रहने छैन ।

१४.८ कर्मचारीको व्यवस्था :

क) आयोजना संचालन गर्दा अवाश्यक पर्ने व्यवस्थापकिय तथा प्राविधिक कर्मचारी साधारण सभाले कायम गरेको दरवन्दी अनुसार कार्य समितिले रित पूर्वक खुल्ला रुपले प्रतिस्पर्धा गराई सफल कर्मचारीलाई ७ दिन भित्र नियुक्ती दिनु पर्नेछ ।

## परिच्छेद ३

कोषको व्यवस्था :

१५. कोषको व्यवस्था:

समितिको कोषको श्रोत देहाय बमोजिम हुनेछ ।

क) समितिको कुनै पनि श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।

ख) दण्ड जरिवानाबाट उठेको रकम ।

ग) समितिले प्राप्त गरेको ऋण रकम ।

घ) उपभोक्ताहरुबाट उठाएको पानी महशुल लगाएत अन्य रकम ।

ङ) निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम वा अन्य रकम ।

च) सरकारी तथा गैह्र सरकारी निकायहरु तथा व्यक्तिहरुले दिएका सहयोग वा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुदान ।

१६. मर्मत सम्भार कोष (अक्षय कोष) :

क) उपभोक्ताले पानी प्रयोग गरे बापत प्राप्त हुने सेवा पानी महशुलको रकमबाट साधारण सभाको निर्णय अनुसार २०% रकम यस कोषमा जम्मा गरिनेछ ।

ख) व्यक्ति, संघ-संस्था दातृ निकायबाट चन्दा अनुदान तथा अन्य निकायबाट निश्चित सहयोग प्राप्त रकम ।

१७. साधारण कोष वचत : चालु नियमित कार्यासञ्चालनको लागि आवश्यक खर्च कर्मचारीको तलव भत्ता व्यवस्थाको लागि यस कोषको व्यवस्था गरिएको छ ।

क) यो समितिको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट व्यहोरिने छ ।

ख) यो कोषको सञ्चालन उपभोक्ता समितिको अध्यक्षको अनिवार्य र सचिव र कोषाध्यक्ष मध्ये १ जनाको दस्तखतबाट बैंक खाता संचालन हुनेछ ।

१८. चल अचल सम्पत्ति :

समिति एक अविच्छिन्न उत्तराधिकारी संस्था भएको हुँदा आयोजना निर्माण हुनुअघि र पछि आयोजनाको स्वामित्वमा रहेको सबै प्रकारको चल सम्पत्ति संस्थाको नाममा, रहनेछ । सो सम्पत्ति संस्थाको स्वामित्वमा रहनेछ ।

१९. लेखा परिक्षण :

क) समितिको आम्दानी खर्चको लेखापरिक्षण आन्तरीक लेखा परीक्षक र मान्यता प्राप्त लेखा परीक्षकबाट गराईनेछ ।

२०. शपथ ग्रहण :

निर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष लेखा संयोजक र सदस्य साथै वडा संयोजकले निर्वाचित भएको ७ दिन भित्रमा निर्वाचन समितिले तोकिएको ढाँचामा सपथ ग्रहण गरी कार्यभार सम्हाल्नु पर्नेछ ।

२१. लेखा समितिको गठन प्रकृया :

क) साधारण सभाबाट संयोजक सहित ३ सदस्यीय लेखा समिति गठन गरिनेछ ।

संयोजक : १

सदस्य : २

२२. लेखा समितिको काम, कर्तव्य र अधिकार :

क) संस्थाको लेखा हेर्न कम्तिमा महिनाको १ पटक बैठक बस्नेछ ।

ख) आ.ले.प. प्रतिवेदन बार्षिक साधारण सभामा लेखा संयोजकले पेश गर्नुपर्नेछ ।

ग) आयोजना संचालनको क्रममा भएका गरेका आम्दानी खर्चको विल भर्पाइको आधारमा लेखा परिक्षण गरी सुझाव सहित लिखित प्रतिवेदन कार्य समितिमा पेश गर्नु पर्नेछ ।

२३. निर्वाचन समिति :

क) साधारण सभाले परिषद सदस्यहरु मध्यबाट देहाय बमोजिम ३ सदस्य १ निर्वाचन समिति गठन गरिनेछ ।

१. निर्वाचन संयोजक १

२. सदस्यहरु २

३. रोहवर खानेपानी डिभिजन कार्यालय भरतपुर चितवनका प्रतिनिधि र र.न.पा. प्रतिनिधि १/१

पुनश्च :

निर्वाचन समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु कुनै पनि पदमा उमेद्वार हुन पाउनेछैन ।

२४. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :

क) निर्वाचन समितिले निर्वाचन सम्बन्धी कार्यविधि बनाई निर्वाचन प्रकृया अगाडि बढाउनेछ ।

ख) कार्य समिति तथा लेखा समितिलाई सपथ ग्रहण गराउने ।

## परिच्छेद ४

२५. आविश्वासको प्रस्ताव:

क) समितिको कुनै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नागेको भनी २५% परिषद सदस्यहरुले लिखित निवेदन संस्थामा दर्ता गरेमा अध्यक्षले १५ दिनभित्र विशेष साधारण सभा बोलाउनेछ ।

ख) कुनै पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव आएमा त्यस्तो पदाधिकारीलाई सफाइको मौका दिइने छ ।

२६. सदस्यबाट मुक्त हुने अवस्था :

क) मृत्यु भएमा ।

ख) बसाइँ सरी अयन्त्र गएमा ।

ग) कुनै पदाधिकारी आफ्नो पदबाट हट्न चाही अध्यक्ष समक्ष राजिनामा पेश गरि समितिबाट स्वीकृत भएमा ।

घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सुचना लगातार ३ पटकसम्म समितिका बैठकमा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णय अनुसार पदबाट मुक्त गर्न सकिनेछ ।

ङ. मानसिक सन्तुलन गुमाएमा ।

२७. समिति भङ्ग हुनसक्ने अवस्था :

साधारण सभाको भेलामा संस्थाका दुई तिहाई परिषद् सदस्यहरुले समितिबाट राम्रो काम गर्न नसकेको एथेष्ट प्रमाण सहित निर्णय पारित गरेमा उक्त समिति भंग हुनेछ तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोहि भेलाले अर्को समिति गठन् गर्नुपर्नेछ ।

२८. विधान संशोधन तथा नियमावली तर्जुमा :

क) यस विधानका बुँदाहरु आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले ऐन नियमसँग नबाभ्र्ने गरी संशोधन गरी साधारण सभाद्वारा अनुमोदन गराउनु पर्नेछ । यसरी साधारणसभाबाट पारित संशोधित प्रस्ताव सम्बन्धीत निकायबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

ख) समितिले यो विधान बमोजिमको उद्देश्य प्राप्त गर्न नियमावली आफै बनाउन सक्नेछ ।

ग) यो विधान प्रारम्भ हुँदा बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिनेछ ।

२९. खारेजी तथा बचाउः

क) हाल मौजुदा रहेको समिति यसै विधान अनुसार गठन भएको मानिनेछ ।

ख) कुनै परिस्थितिमा संस्था कायम नरहेको अवस्थामा संस्थाको चल अचल सम्पत्ती नेपाल सरकारको हुनेछ ।

ग) यस विधानमा उल्लेख भएका बुँदाहरु प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतह निस्कृय मानिनेछ ।

३०. उपभोक्ता समितिका पदाधिकारीहरु :

१. अध्यक्ष - श्री जयन्द्र कुमार श्रेष्ठ

२. उपाध्यक्ष - श्री हरि प्रसाद अधिकारी

३. सचिव - श्री नन्द बहादुर थापा मगर

४. कोषाध्यक्ष - श्रीमती सरिता अधिकारी

५. सह-सचिव - श्रीमती भुवनेश्वरी अर्याल

६. सदस्य - दिल बहादुर श्रेष्ठ

७. सदस्य - रामचन्द्र पण्डित

८. सदस्य - कृष्ण बहादुर थापा

९. सदस्य - निर्मला काप्री

## प्रस्ताव

१. विधान संसोधन उप समिति गठन सम्बन्धमा :

विधान संसोधन उपसमिति गठन सम्बन्धमा छलफल गर्दा तपशिल वमोजिमको उपसमिति गठन गर्ने भन्ने निर्णय गरियो ।

विधान संसोधन मस्यौदा उप-समिति २०७२

१. संयोजक : श्री रामचन्द्र पण्डित

२. सदस्य : श्री रिता नेपाल

३. सदस्य : श्री नारायण लामिछाने

४. सदस्य : श्री दण्डपाणी लामिछाने

५. सदस्य : श्री हरिकुमार श्रेष्ठ

६. सदस्य : श्री ओम प्रसाद लामिछाने

७. सदस्य : श्री लक्ष्मि न्यौपाने

८. सदस्य : श्री डिल्ली गौतम

९. सदस्य : श्री सुर बहादुर बस्नेत